प्रदेश सरकार

लुम्बिनी प्रदेश

# सामाजिक विकास मन्त्रालय

(शैक्षिक योजना तथा अनुसन्धान महाशाखा)

मुकाम बुटवल, नेपाल

पत्र संख्याः २०७७/०७८

चलानी नं.:

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

## अनुसन्धान प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

**सूचना प्रकाशन मितिः २०७७।१२।०६**

**श्री लुम्बिनी प्रदेश क्षेत्र भित्रका शिक्षा संकायमा स्नाकोत्तर तह सञ्चालन गरेका सामुदायिक क्याम्पसहरु ।**

प्रस्तुत विषयमा यस मन्त्रालयका लागि आर्थिक वर्ष ०७७।०७८ मा संघीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्राप्त सशर्त कार्यक्रम " शैक्षिक अनुसन्धान प्रदेश " को कार्यान्वयनका लागि **शिक्षा संकायमा स्नाकोत्तर तह सञ्चालित सामुदायिक** क्याम्पसहरुलाई तपसिलका अनुसन्धान शीर्षकमा अनुसन्धानको प्राविधिक तथा आर्थिक प्रस्ताव तयार गरी सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस मन्त्रालयमा पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।तोकिएको म्याद पछि प्राप्त हुने प्रस्ताव उपर कुनै कारबाही गरिने छैन ।

**अनुसन्धानका शीर्षकहरुः**

१. स्थानीय तहमा स्थानीय तहको पाठ्यक्रम निर्माणको अवस्था, प्रक्रिया र कार्यान्वयन अवस्थाको अध्ययन र प्रभावकारीता विश्लेषण ।

२. सामुदायिक विद्यालयको माध्यमिक तह (कक्षा ९-१२) मा हालको शिक्षण (सिकाई सहजीकरण प्रक्रिया) को प्रभावकारीता विश्लेषण गरी गुणस्तरीय सिकाईका लागि सुधारका उपाय र सामाजिक विकास मन्त्रालयको भुमिकाको अध्ययन ।

**कार्यविवरण तथा प्रस्ताव तयार गर्दा लिनुपर्ने आधारहरुः**

१. सम्बन्धित क्याम्पसले तोकिएको अनुसन्धान शीर्षकमा प्राविधिक प्रस्ताव तयार गरी पेश गर्नुपर्नेछ ।प्रस्तावको ढाँचा स्वयं क्याम्पसले छनोट गर्न पाउने छन ।

२. अनुसन्धानको क्षेत्र तथा दायरा शीर्षक नं १ का लागि कम्तिमा ३ जिल्लाका स्थानीय तहहरु र शीर्षक नं २ का लागि सम्बन्धित जिल्ला माध्यमिक विद्यालयहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुने गरी सोही अनुसारको अनुसन्धान नमुना (Sample size) लिएको हुनुपर्दछ ।

३. अनुसन्धान प्रस्तावनामा अनुसन्धान कार्यमा लिइने अनुसन्धान ढाँचा, अध्ययनको विधि, तथ्याङ्क संकलन तथा विश्लेषण विधिहरु प्रष्टसँग खुलेको हुनुपर्दछ । साथै प्रस्तावमा अनुसन्धानका लागि तथ्याङ्क संकलनका साधनहरुको नमुना राखेको हुनु पर्नेछ ।

४. माध्यमिक तह (कक्षा ९-१२) को सिकाई सहजीकरणको प्रभावकारीतालाई माध्यमिक तह (कक्षा ९ र १०) र माध्यमिक तह कक्षा (११ र १२) अलग अलग विश्लेषण अध्ययन तथा विश्लेषण गर्नुपर्नेछ ।



Web: www.mosd.p5.gov.np, Email: info.mosd@lumbini.gov.np, mosdfive@gmail.com, Phone No. 071-550038, 550650

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# सामाजिक विकास मन्त्रालय

(शैक्षिक योजना तथा अनुसन्धान महाशाखा)

मुकाम: बुटवल, नेपाल

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

पत्र संख्या: २०७७/०७८

चलानी नं.:

५. माध्यमिक तह (कक्षा ११ र १२) को सिकाई सहजीरकण प्रक्रियाको अध्ययन विश्लेषण गर्दा विषयगत रुपमा समेत गर्नुपर्नेछ ।

६. अनुसन्धान प्रस्ताव सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र पेश गरेको हुनु पर्नेछ । प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा Hard copy र Soft copy दुबै बुझाउनु पर्नेछ ।

७. अनुसन्धानको आर्थिक प्रस्ताव मन्त्रालयबाट प्राप्त हुने रु. २ लाख ५० हजार र सम्बन्धित क्याम्पसको १० प्रतिसत साझेदारी बाट प्राप्त हुने रकम रु. २५ हजार गरी जम्मा रु. २ लाख ७५ हजार भित्रको सिमामा रही तयार गर्नुपर्नेछ ।

८. आर्थिक प्रस्ताव सँग अनुसन्धान योजना अनिवार्य रुपमा पेश गरेको हुनुपर्नेछ ।योजना निर्माण गर्दा प्रस्ताव स्वीकृत भएको मितिले २ महिना भित्र सम्पन्न गर्ने गरी पेश गरेको हुनु पर्दछ ।

९. सामुदायिक क्याम्पसले सामुदायिक क्याम्पसको रुपमा दर्ता वा सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्ने।

१०.सामुदायकि क्याम्पसले दुबै वा कुनै एक अनुसन्धान शीर्षकमा प्रस्ताव पेश गर्न सक्नेछन ।

११.अन्य विषयहरु प्रस्ताव छनोट भैसके पछि मन्त्रालय र अनुसन्धानका लागि छनोट हुने क्याम्पसका विच हुने संझौतामा उल्लेख गरिए वमोजिम हुनेछ ।

१२.अनुसन्धान प्रस्ताव तथा प्रतिवेदन तयार गर्दा देहाय अनुसार गर्नु पर्नेछ ।

- Margin: दायाँ वायाँ १.२५ देखि १.५० इन्च, शिरमा र पुच्छरमा १ इन्च छोड्नुपर्ने छ ।
- Header footer Margin: (पेज नम्बरको लागि) Header र Footer दुवैमा ०.५ इन्च छोडनुपर्नेछ ।
- Font Type: Times New Roman वा Arial वा नेपाली कालिमाटी युनिकोड
- Font Size: Body Text लेखाइमा Times New Roman मा 12 point वा Arial मा 10 Point र नेपाली कालिमाटी युनिकोड भए ११ Point
- Major Heading: यसको Font Size Body Text भन्दा 4 point ठूलो, Bold / UPPER CASE मा हुनुपर्नेछ ।
- Sub Headline: यसको Font Size Body Text भन्दा 2 point ठूलो र Bold हुनुपर्नेछ
- Line Spacing: Body Text को लागि 1.5 Line Spacing राख्नुपर्नेछ ।
- Footnote : यसको Font Size Body Text भन्दा 2 point सानो हुनुपर्नेछ ।
- Footnote Line Spacing: Single (Default)
- Paragraph Spacing: Double

(बेमम के सी)

शाखा अधिकृत

**स्नातक तहमा विज्ञान संकाय सञ्चालित सामुदायिक क्याम्पसहरुका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**